# घरेलु महासंघ र वैकल्पिक ऊर्जाबीच सम्झौता




काठमाडौं, पुस ८ (नागरिक)- नवीकरणीय ऊर्जा प्रविधि र साना उद्योगको प्रवर्द्धन गर्ने विषयमा नेपाल घरेलु तथा साना उद्योग महासंघ र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबीच आइतबार सम्झौता भएको छ।

महासंघका महासचिव विष्णुबहादुर लुइँटेल र प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक गोविन्द पोखरेलले आइतबार सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। सरकारी-निजी साझेदारी अवधारणामा नवीकरणीय ऊर्जाको पहुँच विस्तार र घरेलु तथा साना उद्योगको विकास तथा विस्तार गरी ग्रामीण गरिबी निवारण गरिने सम्झौतापत्रमा उल्लेख छ।

घरेलु तथा साना उद्योगको विकास तथा विस्तार गरी रोजगारीका थप अवसरहरू सिर्जना गरी ग्रामिण जनसंख्याको जीवनस्तर उकास्ने समझदारी भएको हो। जीवनस्तर उकास्न ऊर्जा महत्त्वपूर्ण साधन भएकाले त्यस्तो ऊर्जाको प्रयोगमार्फत स्थानीयस्तरमा खेर गइरहेका स्रोत र साधनलाई प्रयोग गरी गरिबी निवारण र वातावरण संरक्षण गर्ने सम्झौतापत्रमा उल्लेख छ।

सम्झौता कार्यक्रममा बोल्दै वातावरण, विज्ञान तथा प्रविधिमन्त्री केशवमान शाक्यले उद्योग र इनर्जीको सम्बन्धबिना उद्योगको विकास नहुने बताए। महासंघ अध्यक्ष सुरेश प्रधानले नेपालको औद्योगिक क्षेत्रमा ९८ प्रतिशत हिस्सा लघु घरेलु तथा साना उद्योगले ओगटेको बताए। उनले यस्ता उद्योगको प्रवर्द्धनका लागि ऊर्जाको आवश्यकता रहेको उनले बताए।

शेष छुट !!!
145555
1 Year Warranty